**आकाशवाणी खरसाङ, प्रादेशिक समाचारः नेपाली**

मितिः १० सितम्बर २०२४

समयः १८:५० – १९:०० बजे

**प्रमुख समाचाा**

१. प्रधानमन्त्री नरेन्द्र मोदीले विश्वव्यापी समस्याहरुको स्थानीय समाधान खोज्नुपर्नेमा जोड दिनुभएको छ।

२. केन्द्र सरकारले आगामी पाँच वर्षमा साइबर अपराधसँग जुध्न पाँच हजार साइबर कमाण्डोलाई तालिम दिने।

३. पश्चिम बङ्गालका राज्यपाल डा. सीभी आनन्द बोसले दिनुभयो मुख्यमन्त्री ममता बनर्जीलाई मन्त्रिपरिषद्का सबै निर्णयहरू राजभवनलाई जानकारी दिन निर्देशन।

४. दार्जिलिङका सासद राजु बिष्टले उत्तर बगाल मेडिकलमा चलिरहेको बिद्यार्थीहरुको आन्दोलनलाई राज्यपालले हस्तक्षेप गर्ने अनुरोध गर्दै पत्राचार गर्नुभएको छ।

५. खरसाङ बजार सग्लन झोड़ाहरुमा सीसीटिभी जड़ान सम्बन्धलाई लिएर खरसाङ महकुमा शासकद्वारा सभा सम्पन्न।

**प्रधानमंत्री अनुसंधान**

प्रधानमन्त्री नरेन्द्र मोदीले विश्वव्यापी समस्याहरुको स्थानीय समाधान खोज्नुपर्नेमा जोड दिनुभएको छ। आज नयाँ दिल्लीमा नवगठित रिसर्च फाउन्डेसनको पहिलो बोर्ड बैठकको अध्यक्षता गर्दै उक्त कुरा बताउनु भयो भने वैठकको क्रममा प्रधानमन्त्रीले अनुसन्धान इकोसिस्टमको मार्गमा आइरहेका अवरोधको पहिचान गर्ने आग्रह गर्दै समस्यालाई समाधान गर्न कदम चाल्नुपर्ने र भैरहेको समस्याको नयाँ समाधान खोज्न अनुसन्धानकेन्द्रित हुनुपर्ने बताउनु भयो। राष्ट्रिय शिक्षा नीति २०२० को सिफारिसमा यो फाउन्डेसन स्थापना गरिएको हो। यसको उद्देश्य देशका विश्वविद्यालयहरू, कलेजहरू, अनुसन्धान संस्थानहरू र आर एन्ड डी प्रयोगशालाहरूमा अनुसन्धान र नवीनताको संस्कृतिलाई बढावा दिनु हो। बैठकमा शिक्षामन्त्री धर्मेन्द्र प्रधान र वरिष्ठ अधिकारीहरू पनि उपस्थित थिए।

****** ० ******

**शाह -आई4सी**

केन्द्रीय गृहमन्त्री अमित शाहले साइबर सुरक्षालाई राष्ट्रिय सुरक्षाको अभिन्न अंग रहेको बताउनु भएको छ भने आगामी पाँच वर्षमा पाँच हजार साइबर कमाण्डोलाई साइबर अपराधसँग जुध्न तालिम दिने केन्द्रको योजना रहेको बताउनु भएको छ। नयाँ दिल्लीमा भारतीय साइबर अपराध समन्वय केन्द्र (आई4सी) को पहिलो स्थापना दिवस समारोहलाई सम्बोधन गर्दै शाहले यस्तो बताउनु भएको हो। यसका साथै उहाँले साइबर सुरक्षाबिना देशको प्रगति सम्भव नभएको तथा यस समस्यासँग जुध्न सबै पक्षलाई एकजुट हुन आग्रह गर्दै साइबर अपराधको कुनै सीमा नभएको बताउनु भयो। सो अवसरमा श्री शाहले साइबर अपराध विरुद्धको प्रमुख पहल समर्पित साइबर धोखाधडी न्यूनीकरण समर्पित सेन्टरको पनि शुभारम्भ गर्नुभयो भने साइबर अपराध डाटा संग्रहको लागि एक मंच-वेब आधारित मॉड्यूल समन्वय, शेयरिंग, मैपिंग र एनालिटिक्स तथ प्रवर्तन एजेन्सीहरूको लागि समन्वय उपकरणको शुभारम्भ गर्नुभयो।

****** ० ******

**पश्चिम बंगाल गवर्नर**

पश्चिम बङ्गालका राज्यपाल डा. सीभी आनन्द बोसले मुख्यमन्त्री ममता बनर्जीलाई संविधानको धारा १६७-सी अन्तर्गत राज्य मन्त्रिपरिषद्का सबै निर्णयहरू बारे राजभवनलाई जानकारी दिन निर्देशन दिनुभएको छ। धारा १६७ को व्यवस्थाअनुसार राज्यको कामकाजको प्रशासनसम्बन्धी मन्त्रिपरिषद्का सबै निर्णय राज्यपालसमक्ष पेश गर्नु र कानूनका लागि कानून प्रस्ताव गर्नु

मुख्यमन्त्रीको कर्तव्य भएको राज्यपालको कार्यालयले जनाएको छ।

****** ० ******

**राजु बिष्ट**

दार्जिलिङका सासद राजु बिष्टले उत्तर बगाल मेडिकल कलेज तथा अस्पतालमा चलिरहेको बिद्यार्थीहरुको आन्दोलनलाई राज्यको राज्यपालले हस्तक्षेप गर्ने अनुरोध गर्दै पत्राचार गर्नुभएको छ। आज एक सोसियल मिडियामा पोस्ट गर्दै आफुले यस बारेमा लिखित रूपमा राज्यपाललाई जनाएको तथा उक्त मामिलालाई चाडै सग्यानमा लिदै थप अनुसन्धानको लागी सीबीईलाई सुम्पनुपर्ने अनुरोध सासदले गर्नुभयो। उहाँले अझै भन्नुभयो मैले माननीय गभर्नरलाई जानकारी दिएको छु कि, NBMC का जुनियर डाक्टरहरूले कसरी TMC सम्बन्धित नेताहरूले संस्थामा मेडिकल माफिया चलाइरहेका छन् भनेर पर्दाफास गरेका छन्। उनीहरूले आरोप लगाएका छन् कि टीएमसी नेताहरू जुनियर डाक्टरहरूलाई धम्की दिने, उनीहरूलाई शारीरिक रूपमा दुव्र्यवहार गर्ने, परीक्षाको नतिजा हेरफेर गर्ने, धोखाधडीमा संलग्न थिए। TMC सम्बद्ध अस्पताल प्रशासनले NBMCH मा विकास गर्ने चिकित्सा पूर्वाधार परियोजनाहरूबाट करोडौं पैसा लुटेको आरोप छ। उहाँको भनाई छ पश्चिम बंगालका धैरै मेडिकल कलेजहरूको अवस्था आरजी कर अस्पतालको जस्तै छ, जहाँ मेडिकल माफियाको शासन छ। पश्चिम बंगालमा मेडिकल कलेजहरूलाई भ्रष्ट बनाउने मेडिकल माफियालाई पर्दाफाश गर्न र सम्बोधन गर्न हामीलाई सीबीआई अनुसन्धान चाहिन्छ।

****** ० ******

**संदीप घोष**

आरजी कार मेडिकल कलेज र अस्पतालमा भ्रष्टाचारको आरोपमा पक्राउ परेका पूर्व प्रिन्सिपल सन्दिप घोष र अन्य तीन जनालाई मंगलबार २३ सेप्टेम्बरसम्मका लागि न्यायिक हिरासतमा पठाइएको छ। अलीपुरको विशेष सीबीआई अदालतले यो फैसला सुनाएको हो। पक्राउ पर्नेमा सुमन हाजरा, बिप्लब सिंह र अफसर अली रहेका छन्।यसैबीच अदालतमा सुनुवाइका लागि लैजाँदै गर्दा पूर्व प्रिन्सिपल सन्दीप घोषमाथि आक्रमणको प्रयास भएको छ। सन्दिप घोष चढेको पुलिसको गाडीमा जुत्ता प्रहार गरिएको थियो भने अदालत बाहिर भेला भएका ठूलो संख्यामा मानिसहरुले 'सन्दिप घोषलाई फाँसी देऊ' जस्ता नारा लगाएका थिए।

****** ० ******

**बंगाल-जूनियर-डॉक्टरों**

पश्चिम बङ्गालका जुनियर डाक्टरहरूले एक पटक फेरि 'मस्तिष्क' चिन्हका साथ स्वास्थ्य भवनमा मार्च निकालेर राज्य सरकारविरुद्ध आफ्नो विरोध प्रदर्शनलाई तीव्र पारेका छन्। सोमबार मुख्यमन्त्री ममता बनर्जीले डाक्टरहरूलाई दुर्गा पूजाको समयमा काममा फर्कन अनुरोध गरेकी थिइन्, तर जुनियर डाक्टरहरूले अपिललाई "असंवेदनशील" भन्दै न्याय नपाएसम्म कुनै पनि चाडवाडमा भाग नलिने घोषणा गरेका छन्। पाँच वटा प्रमुख माग पूरा नभएसम्म काममा नफर्कने चिकित्सकहरुले बताएका छन्। उनीहरूको मागहरू मध्ये आर. आर.जी. कर मेडिकल कलेजका डाक्टरको हत्या र बलात्कारको घटनामा दोषीको पहिचान र सजाय, प्रमाण नष्ट गर्नेलाई कारबाही, कोलकाताका पुलिस कमिश्नरको राजीनामा, स्वास्थ्यकर्मीको सुरक्षा सुनिश्चित गर्ने तथा राज्यका सबै मेडिकल कलेजहरूमा सुरक्षित र लोकतान्त्रिक वातावरण सिर्जना गर्नु पनि समावेश छ।

****** ० ******

**51 जना डाक्टर**

उत्तरबंग औ बर्धमान मेडिकल कलेजपछि अब आरजी कर मेडिकल कलेज एवं अस्पतालमा 'डरको माहोल' सृजना गरेको आरोप उटेको छ। यस सम्बन्धमा अस्पताल प्रशासनमा सिकायत दर्ता गराउँदै केही नामहरू दिइएको छ। यी आरोपहरूको आधारमा अस्पताल प्रशासनले 51 जना डाक्टरहरूलाई बोलाएको छ। आरजी कर मेडिकल कलेजका प्रिन्सिपलको अफिसबाट एक नोटिस जारी गरी यी आरोपहरूको जानकारी दिइएको छ। हिजो स्पेशल काउन्सिलको बैठकमा रेजिडेन्ट डाक्टर्स एसोसिएशनका सदस्यहरूले यस मुद्दालाई उठाएका थिए। त्यसपछि आजदेखि अस्पताल प्रशासन सक्रिय भएको छ। आरोप छ, अस्पतालका केही डाक्टरहरूले डरको परिवेश सृजना गरिरहेका छन् जसबाट लोकतान्त्रिक परिवेश बाधित भइरहेको छ। यस सिकायतलाई ध्यानमा राख्दै अस्पताल प्रशासनले जाँच कमिटी गठन गरी मामिलाको जाँच शुरू गरेको छ।

****** ० ******

**खरसाङ- नाली**

केही दिन अघि खरसाङ बजार क्षेत्रमा नाली बन्द भएर सड़कभरि पानी बगेको विषयमा झोड़ामा सीसीटिभी जड़ान र झोड़ामा गैर कानुनी रुपमा जड़ान गरिएको पाइपहरू विषयमा छलफल गर्नलाई खरसाङ महकुमा शासकद्वारा सभा गरिएको छ। खरसाङ महकुमा शासकद्वारा बोलाइएको उक्त सभामा खरसाङ नगरपालिका, एनएफ रेलवे, पीएचई, अग्नि शमन विभाग सगै स्थानीय समाजका प्रतिनिधिहरू उपस्थित रहेका थिए भने सभामा उक्त झोड़ामा मैलाहरू फ्याँक्न नदिनलाई सीसीटिभी जड़ान गरिने, झोड़ामा गरै कानुनी रुपमा जड़ान गरिएको पाइप लाइनहरू निकाल्न संयुक्त रूपमा कार्य गर्नलाई पहल गरिने निर्णय गरिएको छ। विशेष गरेर उक्त झोड़ामा नगरपालिकाद्वारा पास गरिएको केवल 30 वटा पाइपहरू मात्र रहनुपर्ने भए पनि हालमा उक्त झोड़ामा 90 भन्दा बेसी पाइपहरू जड़ान गरिएको र ती सबै गैर कानूनी पाइप लाइनहरू हटाउन पहल गरिने भएको छ।

****** ० ******

**कालेबुङ**

कालेबुङ नगरपालिका क्षेत्रमा चलिरहेको "हाउजिङ फर अल" योजनाको आवेदन गरिएका लाभार्थीहरुले २० सेप्टेम्बरसम्म जियो ट्याग गराइसक्नु पर्ने नगरपालिका अध्यक्ष रवि प्रधानले बताउनु भएको छ। विशेष गरेर राज्य सरकारद्वारा समय सीमा तय गरिएको हुनाले जसको पनि आवेदन गरिएको छ उनीहरुले जियो ट्याग गराएर काम शुरू गराउन नितान्त आवश्यक रहेको अनि त्यसपछि भने आवेदन स्वतः खारिज हुन सक्ने सम्भावना रहेको पनि उहाँले थप बताउनु भयो।

****** ० ******

**शव-भेटियो**

गत तीन दिन अघि खरसाङ खण्डको दुधिया डम्फेटार नजिक बालसन नदीको तरुवामा नुहाउने क्रममा नदीले बगाएको बागडोग्रा भुजिया पानी निवासी मोहित लामाको शव आज भेटिएको छ। यसैक्रममा आज मोहित तामाङको शव दुधिया स्थित बालसन नदीको स्टील ब्रीजदेखि केही मास्तिर फेला परेको हो । नदीको तेज बहाव साथै गहिराईको कारण शव उद्धार गर्न गाह्रो परेपछि टिस्टा रङगित रेस्क्यु टोलीले र्याफ्टिङको प्रयोग गरेर मोहितको शव उद्धार गरेएको जानकारी प्राप्त भएको छ।

****** ० ******

**एनबीएसटीसी**

सीलगढीदेखि कालेबुङ डेलोसम्म एनबीएसटीसी-को पर्यटक बस सेवा शुरु गरिए स्थानीय चालकहरु सडकमा उत्रिने चेतावनी चालक महासङ्घले दिएको छ। महासङ्घले बताएअनुसार, यस सेवा शुरु भएपछि स्थानीय चालकहरूलाई ठूलो आर्थिक मर्का पर्नेछ। यसैलाई लक्षित गर्दै आज 65 वटा चालक सङ्गठनका प्रतिनिधिहरू लिएर चालक महासङ्घले जिल्ला अधिकारीसँग भेट गऱ्यो। महासङ्घले यसअघि सोही विषयमा जीटीएका प्रमुख कार्यपाल अनित थापालाई पनि आफ्नो पक्ष राख्दै जानकारी गराइसकेको छ।

****** ० ******

**सरसफाई कार्यक्रम**

बिश्वबिख्यात सिहलिला राष्ट्रिय आरण्य क्षेत्रलाई प्रदुषणमुक्त बनाउने प्रमुख उदेश्यसगै यस क्षेत्रलाई प्लास्टिकरहित बनाउने लक्ष्य लिएर सिरिखोला डाडागाउँ ग्राम पन्चायत नेचुरल गाइड एसोसिएसनले दुई दिने व्यापक सरसफाई कार्यक्रम सप्पन्न गरेको छ। विभिन्न टोलीमा बाधिएका सदस्यहरुले पहिलो दिन सिरिखोला डाडागाउँ गोर्खे समानदेन रमाम लगायतको क्षेत्रबाट सरसफाइ शुरु गरि फालोट मले सन्दकपु लगायतको क्षेत्रमा पगेका थिए भने दोस्रो दिन सिहलिला क्षेत्रको विभिन्न स्थानहरु हुँदै पुन सिरिखोला पुलमा आई सरसफाइ कार्य समापन गरिएको थियो। सघका सभापति अमित राईको नेतृत्वमा आयोजित कार्यक्रममा उपसभापति सुरज कुमार राई, सचीव फुर्तेन्जी शेर्पा, सहसचिव बालकुमार छेत्री, कोषाध्यक्ष केल्जाङ शेर्पा सहकोषाध्यक्ष मिलन राई लगायत सस्थाका सम्पुर्ण सदस्यहरुको सहभागिता रहेको थियो।

****** ० ******

**मौसम**

पश्चिम बंगालका कतिपय जिल्लाहरूमा आगामी 24 घण्टाको मौसम परिवर्तन हुने सम्भावना छ। कोलकातामा मंगलवार आंशिक रूपमा बादल लागनको साथै वर्षा वा मेघ गर्जनसितै वर्षा हुने सम्भावना छ। मौसम विभाग अनुसार कोलकातामा अधिकतम तापमान 33 डिग्री सेल्सियस अनि न्यूनतम तापमान 28 डिग्री सेल्सियस लगभग रहनेछ। उत्तर औ दक्षिण 24 परगना जिल्लामा आगामी 24 घण्टाको अवधिमा वर्षा हुने सम्भावना छ भने हुगली तथा हावड़ा जिल्लामा पनि वर्षा हुने सम्भावना रहेको मौसम विभागले जनाएको छ। यसैगरी उत्तर बंगालका अलिपुरद्वार, कुचबिहार, जलपाईगुड़ी, दार्जीलिङ औ कालेबुङमा मेघ गर्जनसितै वर्षा हुने मौसम विभागले अनुमान लगाइएको छ।

****** ० ******